DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# नेपालको संघीय संसद्मा ऐन निर्माणमा देखिएका ढिलासुस्ती र त्यसको प्रभाव

अंक ५ | माघ २०८०

## सारांश

संविधान प्रारम्भ भएको आठ वर्ष बितिसक्दा पनि संविधान कार्यान्वयनका लागि बन्नुपर्ने अत्यावश्यक तथा आधारभूत केही कानूनहरू अझै बन्न बाँकी छन् । मुख्यतया सरकारले कानूनको मस्यौदा बनाउने र त्यसलाई संसद्ले पारित गर्ने प्रचलन छ । कानूनको मस्यौदा बनाउने र त्यसलाई पास गर्ने दुवै काम सुस्त गतिमा हुँदै आएका छन् । खासगरी राजनीतिक दलको स्वार्थ, सरकार, संसद् र सांसदहरूको भूमिका कमजोर हुनु, संसदीय क्यालेण्डरको अभाव, विधेयक संरचनाको न्यूनतम मापदण्डमा एकरूपताको अभाव, संसद् र संसदीय समितिमा समयसीमा नतोकिनु, जस्ता कारणले संघीय संसद्को कानून निर्माण प्रक्रियामा ढिलासुस्ती भएको छ । यसले गर्दा संघीयता कार्यान्वयनमा प्रतिकूल प्रभाव परेको छ । साथै नागरिकको आधारभूत आवश्यकता र सेवा प्रभावमा पनि असर परेको छ ।

## १. परिचय

मंसिर २०७९ मा सम्पन्न संसदीय निर्वाचनपश्चात् प्रतिनिधिसभाका दुई अधिवेशन सम्पन्न भए । पुस २५, २०७९ देखि वैशाख १५, २०८० सम्म चलेको पहिलो अधिवेशनले एउटा कानून पनि पारित गरेन । त्यसपछि वैशाख २४, २०८० देखि कात्तिक १६, २०८० सम्म चलेको दोस्रो अधिवेशनमा बजेटसम्बन्धी कानूनबाहेक एउटा मात्र कानून जारी भयो ।[1] संसद्मा दर्ता भएका विधेयकलाई गहन छलफल गरी निखार ल्याउन बनेका विभिन्न संसदीय समितिहरूमा लामो समयदेखि कैयौँ विधेयक विचाराधीन छन् । त्यस्ता कतिपय विधेयकहरू दफावार छलफल भई दलहरू बीचको राजनीतिक असमझदारीले अड्केका हुन् भने केहीमा दलहरूबीच समझदारी भए पनि सरोकारवालाहरूका मुद्दा सम्बोधन नभएकाले विवाद उत्पन्न भई रोकिएका हुन् । यस्ता विषयले विधायिकी भूमिकामा प्रश्न खडा गरेका छन् ।

संविधान प्रारम्भ भएको आठ वर्ष बितिसक्दा पनि संविधान कार्यान्वयनका लागि बन्नुपर्ने १५१ कानूनमा १११ कानूनहरू मात्र बनेका छन् । मौलिक हकलगायत संघीयता कार्यान्वयनका लागि अत्यावश्यक तथा आधारभूत केही कानूनहरू अझै बन्न बाँकी छन् ।[2] कानून निर्माण संवेदनशील विषय भएकाले यसमा हुने ढिलासुस्तीको कारण पहिल्याई समाधान खोजिनु आवश्यक छ । सोही परिप्रेक्ष्यमा यस राजनीतिक स्थिति विश्लेषण तयार पारिएको हो । यस विश्लेषणमा मुख्यतः ऐन निर्माणमा देखिएका आन्तरिक कारण—राजनीतिक, प्रशासनिक एवं प्रक्रियागत आयामहरू—को मात्रै लेखाजोखा गरी तिनको प्रभाव केलाइएको छ । यद्यपि कोभिड-१९ महामारी र त्यसपछि उत्पन्न लकडाउन जस्ता बाह्य कारणले पनि विधायकी प्रक्रियामा गतिरोध सिर्जना भयो । यस विश्लेषणका लागि संघीय संसद् सचिवालयका कर्मचारी, प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्य र राजनीतिक दलका प्रतिनिधिहरूसँग कुराकानी गरिएको थियो । साथै, पत्रपत्रिका र संसद् सचिवालयबाट प्रकाशित सामग्रीहरू पनि अध्ययनमा समेटिको थियो ।

## २. कानून निर्माण प्रक्रिया

नेपालमा प्रतिनिधि र राष्ट्रियसभा गरी द्विसदनात्मक संघीय संसद् छ । संविधानको अधीनमा रहेर नेपाल सरकारले कुनै एक सदनमा विधेयक

[1] मिटरब्याज समस्या समाधान गर्न भन्दै ल्याएको विधेयक 'मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०' संशोधन सहित पुनः पारित भएको हो । उक्त विधेयक राष्ट्रियसभामा असार ५, २०८० मा दर्ता भएको थियो । विधेयक असार १५, २०८० मा पारित भएर प्रतिनिधिसभामा गएको थियो । असार ३१ मा उक्त विधेयक प्रतिनिधिसभाले संशोधनसहित पारित गऱ्यो ।

[2] नेपालको संविधानअनुसार बन्न बाँकी कानूनका विषयहरूबारे हेर्नुहोस्: विधायन व्यवस्थापन समिति । २०८० । संविधानअनुसार बन्न बाँकी कानूनहरूको अध्ययन प्रतिवेदन २०८० । पृ. ८–५१ । काठमाडौँ: विधायन व्यवस्थापन समिति, राष्ट्रियसभा । https://na.parliament.gov.np/uploads/attachments/x5jbuff7zbsbx4df.pdf मा उपलब्ध; माघ १२, २०८० मा हेरिएको ।

प्रस्तुत गर्न सक्छ र एउटा सदनले पारित गरेको विधेयक तुरुन्त अर्को सदनमा पठाई पारित गर्नुपर्छ।[३] मस्यौदा निर्माणदेखि पारित भई लागु हुञ्जेलसम्मका क्रियाकलापलाई तीन चरणमा विभाजन गर्न सकिन्छ। कानून आवश्यकताको पहिचान, सन्दर्भको पुनरावलोकन, प्रारम्भिक मस्यौदा तयार, त्यसउपर सरोकारवालासँग छलफल, अन्तिम मस्यौदा तयार पारी सदनमा प्रस्तुत गर्ने सम्मका गतिविधि पूर्व विधायिकी चरणमा पर्दछन्। त्यसपछि विधेयक दर्ता गर्ने, तालिकीकरण गर्ने, छलफल गर्ने—सैद्धान्तिक र दफावार छलफल र विधेयक पारित गर्ने नगर्ने—संशोधन गर्ने, संसद्बाट प्रमाणित र राष्ट्रपतिबाट प्रमाणीकरण गर्ने जस्ता कार्य विधायिकी चरणमा पर्दछन्। त्यसैगरी उत्तर विधायिकी चरणमा ऐन कार्यान्वयनको मापन गरिन्छ जसमा कानून कार्यान्वयनको अवस्था र कानूनको सान्दर्भिकता यकिन गरिन्छ। नेपाली व्यवस्थापकीय अभ्यासमा पहिलो पटक ऐन कार्यान्वयन मापनको व्यवस्था गरिएको छ। यो कार्य राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले गर्छ।[४] ऐन कार्यान्वयनको मापनमा कुनै ऐनलाई पूर्ण रूपमा वा कुनै निश्चित दफा वा उपदफालाई मात्र लिएर पनि गर्न सकिन्छ।[५]

कानून निर्माणसँग प्रत्यक्ष सरोकार राख्ने विधायिकी चरण हो। यस चरणमा विधेयक संसद्मा दर्ता हुन्छन्। प्रस्तुतिका आधारमा विधेयक सरकारी र गैरसरकारी हुन्छन्।[६] सरकारको तर्फबाट प्रस्तुत हुने विधेयक सरकारी हो भने, संघीय संसद्को कुनै पनि सदस्यले व्यक्तिगत वा सदस्यहरूले सामूहिक रूपमा मस्यौदा तयार गरी पेश गरिने विधेयक गैरसरकारी विधेयक हो।[७] प्रतिनिधिसभाले प्रक्रिया अगाडि बढाउन ढिलाइ गरी संसद्को कार्यावधि सकिएमा वा संसद् विघटन भएमा विधेयक निष्क्रिय हुन्छ। त्यस्ता विधेयकलाई नयाँ संसद्ले पुनः शून्यबाट शुरू गर्नुपर्छ। २०७७ सालमा प्रतिनिधिसभाको विघटनसँगै ३९ ओटा विचाराधीन विधेयक निष्क्रिय भएका थिए।[८]

सरकारी विधेयक संसद्मा दर्ता भएको पाँच दिनपछि र गैर सरकारी विधेयक दर्ता भएको सात दिनपछि सदनमा छलफलका निम्ति प्रस्तुत गर्ने प्रावधान छ। त्यसपछि तीन चरणमा छलफल हुन्छ। पहिलो चरण, जसलाई प्रथम वाचन पनि भनिन्छ, यसमा विधेयकमाथि सैद्धान्तिक छलफल गरिन्छ। यसरी संसद्मा पेश भई सकेपछि सांसदहरूलाई संशोधन पेश गर्नका लागि ७२ घण्टाको समय दिइन्छ। यही ७२ घण्टाभित्र सांसदहरूले जनता तथा सरोकारवालासँग संशोधनका निम्ति छलफल गर्न सक्छन्। दोस्रो चरण, विस्तृत छलफल गर्न विधेयकलाई संसदीय समितिहरूमा पठाइन्छ। यस कार्य राष्ट्रियसभामा विधायन व्यवस्थापन समितिले गर्छ भने प्रतिनिधिसभामा सम्बन्धित विषयगत समितिहरूले गर्छन्। संसदीय समितिमा विधेयकको दफावार छलफल हुन्छ र संशोधनका निम्ति उठाइएका विषयमा पनि गहन छलफल हुन्छ। सबै छलफलपछि समितिले विधेयकको प्रतिवेदन बनाउँछ र यसमा फेरि संसद्मा छलफल हुन्छ। तेस्रो चरण, विधेयक प्रस्तुतकर्ताले संसद्मा समितिको संशोधनसहित विधेयक पेश गर्ने प्रावधान छ। यस चरणमा विधेयकमाथि उठेका प्रश्नहरूको जवाफ प्रस्तुतकर्ताले दिनुपर्छ। यसरी सबै बुँदामा छलफल गरेर र सहमति जुटाएपछि संसद्बाट विधेयक पारित हुन्छ। राष्ट्रपतिद्वारा प्रमाणीकरण भइसकेपछि उक्त विधेयक राजपत्रमा प्रकाशित भई ऐन बन्छ।

## ३. कानून निर्माणमा ढिलाइका कारण

कानून निर्माण प्रक्रिया जटिल र समय-खपत हुने खालकै हो। संसद्मा राजनीतिक समीकरण, सांसदको इच्छाशक्ति, संसदीय अभ्यासको अनुभवका साथै देशको सामाजिक र आर्थिक सन्दर्भअनुसार कानून निर्माणमा हुने ढिलाइका कारणहरू फरक हुन सक्छन्। संघीय संसद्ले कानून निर्माणमा ढिलाइ गर्नुका प्रमुख कारणहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

### *क) राजनीतिक दलबीचको मतभिन्नता र राजनीतिक दाउपेच*

बहुदलीय व्यवस्थामा राजनीतिक दलहरूबीच वैचारिक अडान वा नीतिगत प्राथमिकता फरक हुनु स्वाभाविक हो। तर राजनीतिक दलहरूले आफ्नो दलीय स्वार्थलाई प्राथमिकता दिई कानून निर्माणमा अवरोध गरेका उदाहरण छन्। नयाँ संविधान जारी भएपछि कानून परिमार्जन गर्ने क्रममा सरकारले संसद्मा नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक साउन २२, २०७५ मा दर्ता गरेको थियो। तर दलहरूबीचको आपसी

---

[३] तर अर्थ विधेयक भने प्रतिनिधिसभामा मात्र प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। प्रतिनिधिसभाले पारित गरेको अर्थ विधेयक राष्ट्रियसभामा पठाएपछि राष्ट्रियसभाले सो विधेयकमा छलफल गरी विधेयक प्राप्त गरेको १५ दिनभित्र कुनै सुझाव भए सुझावसहित प्रतिनिधिसभामा फिर्ता पठाउनुपर्छ। तर १५ दिनसम्ममा राष्ट्रियसभामा फिर्ता नगरेमा प्रतिनिधिसभाले प्रमाणीकरणका लागि पठाउन सक्छ। प्रतिनिधिसभाले पारित गरी राष्ट्रियसभामा पठाएका अर्थ विधेयक बाहेक अन्य विधेयक राष्ट्रियसभाले प्राप्त भएको दुई महिनाभित्र पारित गरि सुझावसहित फिर्ता पठाउनुपर्छ। दुई महिनाभित्र विधेयक फिर्ता नगरेमा प्रतिनिधिसभाले तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यहरूको निर्णयबाट सो विधेयक प्रमाणीकरणका लागि पेश गर्न सक्नेछ (नेपालको संविधान धारा १११)।

[४] राष्ट्रियसभा नियमावली २०७५ को दफा १४७ (१)।

[५] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल। २०७८। *राष्ट्रियसभाको विधायन कार्यप्रणाली*। ललितपुर : डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल।

[६] असोज १२, २०८० मा संसद्मा दर्ता भएको औषधी तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक २०८० गैरसरकारी विधेयक हो। यसलाई सांसद प्रदीप पौडेलले प्रस्तुत गरेका थिए।

[७] संघीय संसद् सचिवालय र संसद् सहयोग परियोजना / संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम। २०७४। *संघीय संसद : कानून निर्माण सम्बन्धि परिचयात्मक पुस्तिका*। स्थान उल्लेख नभएको : संघीय संसद सचिवालय र संसद सहयोग परियोजना / संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम। www.undp.org/sites/g/files/zskgke326/files/migration/np/UNDP_NP-Federal-Parliament-Booklet-on-Lawmaking.pdf मा उपलब्ध, माघ १३, २०८० मा हेरिएको।

[८] काफ्ले, नारायण। २०७७। प्रतिनिधिसभा विघटनसँगै ३९ विधेयक स्वतः निष्क्रिय। *गोरखापत्र*, पुस १५। https://beta.gorkhapatraonline.com/mainnews/2020-12-30-29308 मा उपलब्ध; माघ १२, २०८० मा हेरिएको।

असहमतिले गर्दा पटकपटक संसद्मा विधेयक ल्याउने र फिर्ता लिने क्रम चल्यो । संसद्बाट पारित भएर पनि राष्ट्रपतिले प्रमाणीकरण नगरेपछि यो विधेयक फिर्तासमेत भयो र अन्ततः झन्डै चार वर्षपछि पारित भयो । नेपाली काँग्रेस, तत्कालीन राष्ट्रिय जनता पार्टी र जनता समाजवादी पार्टीका सांसदले विदेशी महिलालाई अङ्गीकृत नागरिकता बिहे गरेलगत्तै दिनुपर्ने व्यवस्था राख्नुपर्ने अडानमा थिए । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] र नेकपा (माओवादी केन्द्र) का सांसदहरूले विदेशी महिलालाई सात वर्ष र विदेशी पुरुषलाई बिहे गरेको १५ वर्षपछि मात्र नागरिकता दिनुपर्ने मत राखेका थिए । नागरिकता जस्तो संवेदनशील विषयमा पनि सत्तापक्ष र प्रतिपक्षमा हुँदा राजनीतिक दलको अडानमा आएको परिवर्तनको कारण लामो समयसम्म नागरिकतासम्बन्धी विधेयक सदनबाट पारित हुन सकेन ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक हाल प्रतिनिधिसभाको कानून, न्याय तथा मानवअधिकार समितिमा छलफलको चरणमा छ । चैत १२, २०७९ मा प्रतिनिधिसभामा प्रस्तुत गरिएको सो विधेयक फागुन २५, २०७९ मा सरकारले संसद्मा दर्ता गरेको थियो । वैशाख १५, २०८० देखि समितिमा दफावार छलफल हुन थालेको यस विधेयकमा थप काम गर्न उपसमिति गठन गरिएको थियो । उपसमितिले केही विषयमा राजनीतिक सहमति चाहिने सुझावसहित प्रतिवेदन बुझाएको छ । दलहरूबीच सहमति भए संसद्मा पेस गर्ने सैद्धान्तिक सहमति भएको समितिको सभापति विमला सुवेदीले बताइन् ।[९]

शान्ति प्रक्रिया शुरू भएको १७ वर्ष बितिसके पनि दलहरूबीच सहमति नहुँदा उक्त विधेयक पारित हुन सकेको छैन । पालैपालो सत्तामा पुगेका प्रमुख दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) सत्यतथ्य पत्ता लगाउने प्रक्रियामा उदासिन देखिन्छन् । नेकपा (माओवादी केन्द्र) का नेता तथा सांसद वर्षमान पुनले संक्रमणकालीन न्यायसम्बन्धी ऐनलाई टुङ्गोमा पुऱ्याउन प्रतिपक्षी दलसँग संसदीय समितिका सभापतिको पद भागभण्डासमेत गरिएको तर भाग पाएपछि प्रमुख प्रतिपक्षी दल सहमतिबाट पछि हटेको आरोप लगाए । नेपाली कांग्रेसका केन्द्रीय सदस्य मीन विश्वकर्माले उक्त ऐनलाई दलहरूले राजनीतिक दाउपेचको भुमरीमा फसाएको भन्दै नेकपा (एमाले) ले सत्तारुढ गठबन्धनलाई बिथोल्ने प्रयास गरेको टिप्पणी गरे । तर प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का उपमहासचिव प्रदीप कुमार ज्ञवालीले यस सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दामा नेकपा (एमाले) को कुनै पनि राजनीतिक स्वार्थ नभएको दाबी गर्दै पीडितका लागि समाधान गर्नुपर्ने वकालत गरे ।[१०] यसरी बोलीमा सबै दल सकारात्मक देखिए पनि यो विधेयक थाति रहेको छ । सत्तामा बसेको बेला सबै दलले पीडितकेन्द्रित ढंगले संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउने भने पनि यसबारे परिभाषागत विषयमा दलहरूले सौदाबाजी गरिरहेको पीडित सुमन अधिकारी बताउँछन् । उनकाअनुसार राजनीतिक शीर्ष तहमा पीडितलाई कसरी न्याय दिनेभन्दा पीडकलाई कसरी चोख्याउने भन्ने कोणबाट छलफल हुने गरेको छ ।[११]

संविधान निर्माण भएको आठ वर्ष पूरा भए पनि संघीय संसद्ले निजामती सेवा ऐन, प्रहरी समायोजन ऐन, शिक्षा ऐन आदि निर्माण नगरेकाले संघीयता कार्यान्वयनले गति लिन सकेको छैन । यस्ता ऐनहरूको अभावमा प्रदेश र स्थानीय तहका काम प्रभावित भएका छन् । राजनीतिक दलको केन्द्रीकृत मानसिकताको प्रभाव यी ऐन निर्माणमा पनि देखिएको छ । सरकारले संघीय संसद्मा दर्ता गराएका यी विधेयकमा प्रदेश र स्थानीय तहको अधिकार हनन् हुने प्रावधानसमेत परेका छन् । सदनमा दर्ता भएका ती ऐनमा राजनीतिक दल तथा सरोकारवालाबीच सहमति पनि बन्न सकेको छैन । पटकपटक सातै प्रदेशका मुख्यमन्त्रीले यी ऐनहरू अविलम्ब निर्माण गर्न संघीय सरकारको ध्यानाकर्षण गराएका छन् । तर पनि संघीय सरकारका नेतृत्वले यसलाई बेवास्ता गरेको पाइन्छ ।

### ख) सरकार, संसद् र सांसदहरूको कमजोर भूमिका

संघीय संसद्बाट वर्ष दिनमा दुइटा मात्र कानून पारित हुनुले सरकार, संसद् र सांसदको भूमिकामाथि प्रश्न उब्जेको छ । संसद् र सरकार दोषादोषको स्थितिमा देखिएका छन् । सत्तारूढ र प्रतिपक्ष दलबीच यस्तो दोहोरी एक मिडियामा छापिएको छ :

> एमालेका सचेतक महेश बर्तौलाले सरकारको गैरजिम्मेवारपनले गर्दा संसद्ले ऐन कानून बनाउन नसकेको बताए । संसद्मा विधेयक ल्याउने, विचाराधीन विधेयकलाई अघि बढाउने काम सरकारको हातमा हुने भन्दै बर्तौलाले सरकारको गैरजिम्मेवारपनको कारण सांसदहरू समेत बेकामे बनेको टिप्पणी गरे । 'कानून निर्माण सरकारको प्राथमिकतामा परेन । सरकार सत्ता टिकाउन मात्रै रुमलिरह्यो । सांसदहरूले काम माग्दा पनि सरकारले दिन सकेन, सरकारले संसद्लाई प्यारालाइज बनाएर राख्यो', बर्तौलाले भने । सत्तारूढ नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे भने संसदीय समितिहरूका कारण विधेयक अघि बढ्न नसकेको बताउँछन् । संसद्लाई बिजनेश दिन सरकारले आवश्यक सबै काम गरिरहेको भन्दै समितिहरूको कारण मात्रै कानून निर्माणमा ढिलाइ भएको दाबी उनले गरे ।[१२]

---

[९] कात्तिक २०, २०८० मा सुवेदीसँग गरिएको कुराकानी ।

[१०] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल । २०८० । नेपालको सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन निर्माणमा ढिलाइ । *राजनीतिक परिवेश विश्लेषण* : ३ । www.democracyresource.org/wp-content/uploads/2023/11/DRCN_Political- Situation-Update-III_Nepals-Stalled-Transitional-Justice-Act-November-2023_Nepali.pdf मा उपलब्ध; माघ १०, २०८० मा हेरिएको ।

[११] कात्तिक २०, २०८० मा अधिकारीसँग गरिएको कुराकानी ।

[१२] नेपाल, श्रीजना । २०८० । संसद्ले बनाउनुपर्ने कानून १८० वटा : ६ महिनामा एउटा पारित, २१ वटा विचाराधीन । *थाहा खबर*, असोज २९ । https://thahakhabar.com/news/188741/ मा उपलब्ध; माघ १०, २०८० मा हेरिएको ।

प्रतिपक्षी दलले भनेको जस्तो संसद् बिजनेशविहीन भएर सांसदहरू बेकामे हुन पुगेको भन्ने आरोपमा सहमत हुने आधारहरू देखिँदैनन् । बरु काम थोरै गरेको भन्न सकिन्छ । संसद् सचिवालयका अनुसार प्रतिनिधिसभामा र राष्ट्रियसभामा धेरै विधेयक विचाराधीन छन् । राष्ट्रियसभा सदस्य विमला राई पौड्यालले भनिन्, "सदन प्रभावकारी हुनका लागि सरकार मात्र जिम्मवार भएर नहुने त्यसको लागि सांसद आफूले पनि योजनबद्ध काम गर्नु पर्‍यो । आफूले आफूलाई पनि समय सीमाभित्र बाँध्नु पर्‍यो । राष्ट्रियसभामा त यो भोग्नु परेन तर प्रतिनिधिसभाका संसदीय समितिमा गणपूरक संख्या नपुगेर बैठक नबसेका उदाहरणहरू छन् । सांसदको मुख्य काम कानून बनाउने हो, त्यति बेला अरू काम लिनु भएन । हामी दलका गतिविधिलाई केन्द्रमा राखिदिन्छौँ । दलले अभियान भन्यो भने सांसदहरू त्यता गइदिन्छौँ । यता समितिका बैठक बसिराखेका हुन्छन्, गणपूरक संख्या पुग्दैन, बैठक प्रभावित हुन्छ । अनि विधेयकहरू अड्किएर बसिरहन्छन् । प्रतिनिधिसभामा यो समस्या अझ बढी छ ।"[१३]

शीर्षस्थ नेताका स्वार्थका कारण पनि कानून निर्माणको काम ढिलाइ भएको कतिपय सांसद बताउँछन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा सांसद रवि लामिछानेले शीर्ष ठानिएका नेताको लहडमा संसद् बन्धक बनाइँदा वर्ष दिनमा बजेटबाहेक संघीय संसद्ले एउटा मात्र कानून बनाउने अवस्था बनेको बताए । उनले सांसदको गलत अभ्यासबारे प्रश्न उठाउँदै भने, "सांसदहरूमा हाजिर गरेर बैठकमै नबस्ने, बैठक सकिएपछि आएर हाजिरपुस्तिकामा हस्ताक्षर गरेर भत्ता सुनिश्चित गर्ने प्रवृत्ति पनि छ । यसलाई रोक्न विद्युतीय हाजिरी लागू गर्ने भनिए पनि कार्यान्वयन भएको छैन ।"[१४]

सिद्धान्ततः सांसदको मुख्य भूमिका कानून निर्माण भए पनि कतिपय सांसदका लागि यो प्राथमिक काम होइन । यही कारणले गर्दा पनि कानून निर्माणमा ढिलासुस्ती भएको बुझाइ संघीय संसद् सचिवालयमा कार्यरत एक कर्मचारीको थियो । उनले भने, "सांसदहरूले अध्ययनको लागि समय पुगेन त भन्नुहुन्छ । तर उहाँहरूको ध्यान अध्ययनतिर देखिँदैन । कानून निर्माणभन्दा बढी विकास निर्माणमा उहाँहरूको चासो छ । सांसद आफैले विधेयक ल्याउनुहुन्न । खालि सरकारको मुख ताकेर मात्रै बस्नुहुन्छ । विना तयारी, विना अध्ययन बोल्नुहुन्छ । यसको उदाहरण विद्युतीय व्यापार विधेयकमाथि भएको छलफल हो । यो विधेयकको सैद्धान्तिक छलफलमा विद्युतीय व्यापारलाई सांसदले विद्युत व्यापार भन्ने बुझी बोलेकोले उहाँहरूले विधेयक नपढेको प्रस्ट हुन्थ्यो ।"[१५] वास्तवमा विद्युतीय व्यापार विधेयक २०८० विद्युतीय कारोबारलाई नियमन गर्न ल्याइएको थियो । तर यसको छलफलमा सहभागी सांसदहरूले विधेयक नपढी नामकै मात्र आधारमा बोल्दा त्रुटि गरेका थिए । तिनको लहलहैमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीले आफैले ल्याएको विधेयकको विषयसमेत बिर्सेर विद्युत व्यापारकै सेरोफेरोमा आफ्ना भनाइ राखेका थिए ।[१६] विधेयक नपढी छलफलमा भाग लिने प्रवृत्तिको यो नराम्रो उदाहरण हो ।

## *ग) संसद्को क्यालेण्डर नहुनु*

संसदीय क्यालेण्डरले संसदीय प्रक्रिया व्यवस्थित गर्न, सांसदहरूलाई योजना बनाउन, सत्र, बहस, समिति बैठक र अन्य महत्त्वपूर्ण गतिविधिका लागि रूपरेखा दिन्छ । यसले सांसदहरूलाई कामको प्राथमिकता र समन्वय गर्नको लागि सहयोग गर्छ । योजनाबद्ध प्रक्रियामार्फत् समयमै कानून निर्माण गर्न पनि यसले सघाउँछ । यद्यपि संघीय संसद्मा हालसम्म क्यालेण्डर बनाउने अभ्यास छैन । संसद्को क्यालेण्डर नहुँदा विधायिकी काममा असर परेको भन्दै संघीय संसद्का सांसदले संसद्, संसदीय समिति लगायतका विभिन्न मञ्चमा आवाज उठाएका छन् । प्रतिनिधिसभा सदस्य सुमना श्रेष्ठले माघ ७, २०७९ को सदनको बैठकमा भनिन्, "एउटा संसदीय क्यालेण्डर बनाऔँ, प्राथमिकता निर्धारण गरौँ र त्यसलाई कडाइका साथ दृढ राजनीतिक इच्छाशक्ति बनाएर पालना गरौँ । यत्ति भए सदन समयसीमाभित्र बाँधिनेछ । हामी नागरिकप्रति उत्तरदायी र जवाफदेही बन्नेछौँ र स्वमूल्यांकनको एउटा आयाम बन्नेछ । सदनबाहिर सांसदले गर्नुपर्ने काम र जिम्मेवारीको लागि समय विभाजन गर्न सक्नेछौँ ।"[१७]

क्यालेण्डर नहुनाले यो वर्ष कति विधेयक बन्दैछन् भन्ने सम्बन्धित मन्त्रालयलाई थाहा नहुने, कति विधेयक संसद्मा पेश हुँदैछन् भन्ने मन्त्रिपरिषद्लाई थाहा नहुने र कुन बेला विधेयक आउँछ भन्ने संसद्लाई थाहा नहुने सांसद सुमना श्रेष्ठले सुनाइन् । उनले भनिन्, "योजना नै छैन जसले गर्दा कामचलाउ तरिकाले विधेयकहरू संसद्मा आउने भए । जनतालाई पनि सुसूचित हुने मौका मिलेन । अगाडि नै यो कानून आउँदैछ भन्ने थाहा भए पो कानून बनाउने प्रक्रियामा नागरिक र सरोकारवालाहरूले पनि चाख दिन्छन् । त्यसैले कानून निर्माणमा पनि योजना चाहिन्छ । संसदीय क्यालेण्डर नै त्यो योजना हो ।"[१८]

क्यालेण्डर नभएको कारण संसद्का कुनै बैठक अजेण्डाविहीन हुन्छन् भने कुनै बैठकमा कामको चाप अत्यधिक छ । यसै सन्दर्भमा राष्ट्रियसभाका एक सदस्यको भनाइ यस्तो थियो :

---

[१३] माघ ५, २०८० मा राष्ट्रियसभा सदस्य पौड्यालसँग गरिएको कुराकानी ।

[१४] भट्ट, कमलराज । २०८० । संघीय संसद्ले एक वर्षमा एउटा कानून बनायो, पदाधिकारी र सांसदको तलब-भत्तामा ६३ करोड सकियो । *नयाँ पत्रिका*, पुस १८ । www.nayapatrikadaily.com/news-details/131664/2024-01-03 मा उपलब्ध; माघ १५, २०८० मा हेरिएको ।

[१५] माघ ५, २०८० मा संघीय संसद् सचिवालयका उपसचिव नारायण प्रसाद ढकालसँग गरिएको कुराकानी ।

[१६] बजगाईं, रघुनाथ । २०८० । कानून निर्माणमा भद्दा मजाक : विधेयक एउटा, छलफल अर्कै । *अनलाइन खबर*, www.onlinekhabar.com/2023/07/1336017 मा उपलब्ध; माघ १५, २०८० मा हेरिएको ।

[१७] श्रेष्ठ, सुमना । सन् २०२३ । प्रतिनिधिसभामा माननीय सुमना श्रेष्ठको वक्तव्य । माघ ७, २०७९ । Parliamentary Calendar । www.youtube.com/watch?v=H76VqQ2FWTM&t=23s मा उपलब्ध; माघ १२, २०८० मा हेरिएको ।

[१८] माघ १२, २०८० मा प्रतिनिधिसभा सदस्य श्रेष्ठसँग गरिएको कुराकानी ।

कुनै समय एकैचोटि तीन/चार ओटा विधेयक पेश हुन्छ संसद्मा । ७२ घण्टाको समयमा त्यतिधेरै विधेयक सांसदले कसरी पढ्न भ्याउने ? पढेर मात्र हुँदैन, संशोधन हाल्ने भनेपछि सरोकारवालाहरूसँग छलफल पनि हामीले गर्नुपर्छ । प्रत्यक्ष प्रभावित जनताहरूको राय पनि लिनुपर्छ । त्यसले गर्दा गुणस्तरीय समय दिन पाइराखेका छैनौँ हामीले । कतिपय अवस्थामा हामीले नै विषयबारे बुझ्नुपर्ने हुँदा अझ थप समय चाहिन्छ । यता अपुग भएको समय समिति र सदनमा हुने छलफलसम्ममा प्रस्ट हुन खोजिन्छ । त्यसले प्रक्रियालाई लम्ब्याउँछ र कानून ढिलो बन्न पुग्छ । अर्कोतिर, कुनै समयमा बिजिनेश नभई बैठकहरू रद्द गरिन्छ । कामको यस्तो असन्तुलनलाई अन्त्य गर्नका लागि क्यालेण्डर चाहिएको हो ।[१९]

क्यालेण्डर नहुँदा संसद् र संसदीय समितिको बैठक बस्ने मिति तथा समय कहिलेकाहीँ मन्त्रिपरिषद् बैठकसँग जुध्ने र मन्त्रीले समितिलाई बेवास्ता गरेका उदाहरण पनि छन् ।[२०] संसद् सञ्चालन हुन कम्तीमा एक मन्त्री उपस्थित हुनैपर्छ । त्यसैगरी समितिमा बोलाइएका मन्त्री उपस्थित भएनन् भने पनि समितिको काम प्रभावित हुन पुग्छ र कानून निर्माणको काम लम्बिन्छ ।

संसद्को क्यालेण्डर अभावमा उत्पन्न हुने विधायिकी प्रक्रियाका विविध चुनौतीलाई ध्यानमा राखेर राष्ट्रियसभामा अहिले विधेयक ल्याउने विधि अर्थात् पूर्व विधायिकी प्रक्रियाबारे कानूनको तयारी भइरहेको छ । उक्त विधेयकको मस्यौदामा, "प्रत्येक वर्ष सरकारको वार्षिक नीति तथा कार्यक्रम ल्याउँदा प्रत्येक मन्त्रालयले उक्त वर्षमा ल्याउने विधेयकबारे संसद्लाई खबर गर्नुपर्ने र संसद्ले पनि त्यसैअनुसार क्यालेण्डर बनाउनुपर्ने" भनेर प्रावधान राखिएको राष्ट्रियसभा सदस्य विमला राई पौड्यालले बताइन् । उनले थपिन्, "यो वर्ष यति विधेयक आउँदैछन् भनेर थाहा भएपछि त्योअनुसार संसद्ले क्यालेण्डर बनाई काम गर्नेछ । त्यो गर्न खोजेको कारण चाहिँ ढिलासुस्ती नहोस्, योजनाबद्ध तरिकाले विधेयक आऊन् भन्ने नै हो ।"[२१] यसैबीच संघीय संसद्को हिउँदे अधिवेशन माघ २२, २०८० मा बोलाउने निर्णय संघीय सरकारले गरेको छ । उक्त अधिवेशन क्यालेण्डरअनुसार सञ्चालन गर्ने गृहकार्य संसद्ले थालेको छ । यसैअनुरूप दलहरूबीच क्यालेण्डरको मस्यौदालाई आवश्यक परिमार्जनसहित अन्तिम रूप दिएर आगामी अधिवेशनमा लागू गर्न सहमति भएको छ ।[२२]

### घ) विधेयक संरचनाको न्यूनतम मापदण्डमा एकरूपता नहुनु

विधेयकको मस्यौदा तयार गर्दा, नीति निर्माताहरूले प्रायः विभिन्न सरोकारवालाहरूको असंख्य दृष्टिकोण, चासो र सरोकारलाई सम्बोधन गर्नुपर्छ । न्यूनतम मापदण्डहरूमा सहमति हासिल गर्न सजिलो छैन । किनकि ती मापदण्डहरू के हुनुपर्छ भन्ने तथ्यलाई लाभग्राहीहरूको चासो, राजनीतिक मतभेद, मुद्दाको जटिलता, कानूनी र नियामक भिन्नता, परिवर्तनशील परिस्थिति लगायतका पक्षले प्रभाव पार्दछन् । विधेयकमा हुने सैद्धान्तिक चुनौती पार गर्न, विधायकहरूले सहमति निर्माण गर्न, गहिरो अनुसन्धान सञ्चालन गर्न र सरोकारवालाहरूसँग खुला संवादमा संलग्न हुन समय धेरै खर्च गर्नुपर्छ ।

विधेयकको मस्यौदा चरणमै सम्बन्धित सरोकारवालासँग घनिभूत छलफल गरिएको छ भने संसद्मा छलफलका लागि धेरै समय खर्चिन नपर्ने अनुभव संघीय संसद्को सचिवालयमा कार्यरत कर्मचारीहरूको छ । तर उनीहरूका अनुसार मस्यौदा चरणमा सरोकारवालासँग छलफल नै हुँदैन । संघीय संसद् सचिवालयका एक उपसचिवले भने, "सम्बन्धित मन्त्रालयले मस्यौदा तयार गर्छ । त्यति बेला पनि विज्ञ तथा सरोकारवालासँग छलफल गर्नुपर्ने हो तर त्यस्तो कहिल्यै भएको छैन । पछि यसले विवाद निम्त्याउँदा कानून बन्ने काम लम्बिएको छ । शिक्षा ऐन विवादित हुनुपरेको, माइतीघरमा आन्दोलन भएको कारण पनि यही हो । शुरूमै उनीहरूसँग छलफल गरेको भए त्यो समस्या आउने थिएन । गुठी विधेयक फिर्ता हुनु पनि त्यस्तै कारण हो । उक्त विधेयक दर्ता मात्रै भएको थियो, काठमाडौँका सारा नेवार आएपछि संसद्बाट फिर्ता लिएको घोषणा गर्नुपरेको थियो ।"[२३] विधेयकको मस्यौदा चरणमै सम्बन्धित सरोकारवालासँग सघन रूपमा छलफल गरिए संसद्मा प्रक्रिया पूरा गरी पारित गर्न धेरै समय नलाग्ने बुझाइ संघीय संसद् सचिवालयका सूचना अधिकारीको पनि थियो । विधेयकलाई विषय र संरचनागत ढाँचाका दृष्टिले कति परिपक्व बनाउने भन्नेमा मस्यौदाकारको भूमिका हुने बताउँदै उनले थपे, "विधेयकको मस्यौदा तयार गर्नेले विधेयकको सैद्धान्तिक पक्ष, भाषा, ढाँचा आदिमा ध्यान दिएर काम गरेको रहेछ भने पास हुन धेरै समय लाग्दैन । तर लटरपटर तरिकाले तयार गरेको रहेछ भने त्यसलाई पुनर्लेखन नै गर्नुपर्छ र कानून निर्माणको काम तन्किन्छ ।"[२४]

विधेयकको ढाँचा, संरचना, भाषा, र सहभागिता प्रक्रियाको सन्दर्भमा सदनमा आउने विधेयक नाजुक नै हुने गरेको स्वीकार्दै राष्ट्रियसभा सदस्य विमला राई पौड्यालले त्यसमा सुधारको लागि चेकलिष्ट अबलम्बन गरिनुपर्ने सुझाइन् । उनले भनिन्, "विधेयक संरचनामा छ कि छैन, प्रक्रिया

---

[१९] भदौ ८, २०७८ मा राष्ट्रियसभा सदस्य ठगेन्द्र प्रकाश पुरीसँग गरिएको कुराकानी ।

[२०] सत्याल, मनोज । २०७५ । क्यालेण्डरविहीन संसद् । *सेतोपाटी*, कात्तिक १८ । www.setopati.com/politics/169231 मा उपलब्ध; माघ १०, २०८० मा हेरिएको ।

[२१] माघ ५, २०८० मा राष्ट्रियसभा सदस्य पौड्यालसँग गरिएको कुराकानी ।

[२२] भट्ट, कमलराज । २०८० । संसद् अधिवेशन अब क्यालेण्डरमा : बैठक र कार्यसूची महिना दिनपहिले नै तय । *नयाँ पत्रिका*, पुस २० । www.nayapatrikadaily.com/news-details/131841/2024-01-05 मा उपलब्ध; माघ १०, २०८० मा हेरिएको ।

[२३] माघ ५, २०८० मा संघीय संसद् सचिवालयका उपसचिव नारायण प्रसाद ढकालसँग गरिएको कुराकानी ।

[२४] माघ ७, २०८० मा संघीय संसद् सचिवालयका सूचना अधिकारी दशरथ धमलासँग गरिएको कुराकानी ।

पूरा गरेको छ कि छैन, भाषा मिलेको छ कि छैन त्यो हेरेर मात्रै दर्ता गर्ने व्यवस्था गरियो भने हामीले त्यस्ता प्राविधिक पक्षमा समय खर्चिनु पर्दैनथ्यो । ती त अलि परका कुरा भए, कतिपय विधेयक त कुन नीतिलाई अथवा संविधानको कुन प्रावधानलाई कार्यान्वयन गर्नको लागि ल्याएको भन्ने नै थाहा हुँदैन ।"[२५]

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको एक छलफलमा 'विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' को सैद्धान्तिक छलफलमा भाग लिएका सांसदहरूले ऐनको मस्यौदा लेखनमा संसद्लाई संलग्न गराउनुपर्ने माग गर्दै विधेयकमा हुनुपर्ने सिद्धान्त, भाषा, संरचना, सहभागिता आदिमा एकरूपता चाहिएको धारणा व्यक्त गरेका थिए ।[२६]

### *ङ) संसद् र संसदीय समितिमा समयसीमा नहुनु*

कानून निर्माण समय र स्रोतको हिसाबले खर्चिलो प्रक्रिया हो । प्रतिनिधिसभाको अवधि सकिएपछि अथवा संसद् विघटन हुँदा त्यहाँ भएका सबै विधेयक शून्यमा पुग्ने प्रावधान छ । सरकारले परामर्शदाताहरू नियुक्त गरेर तयार पारेका मस्यौदा संसद्मा, संसद्का समितिहरूमा, सरोकारवालामाझ पनि छलफल गरी एउटा अवस्थासम्म पुऱ्याइएका विधेयक वर्षौँ संसद्मा थन्किएर प्रतिनिधिसभाको कार्यकाल सकिएसँगै ती सबै शून्यमा पुग्नु भनेको राज्यको अर्बौं लगानीको क्षति हुनु हो । फेरि ती कानून बनाउनुपर्दा शुरूआती प्रक्रियाबाट थाल्नु पर्छ । प्रतिनिधिसभामा उत्पत्ति भएको विधेयक राष्ट्रियसभाले संशोधनसहित वा यथास्थितिमा दुई महिनाभित्र फिर्ता पठाइसक्नु पर्छ । विधेयक फिर्ता नपठाएमा दुई महिनापछि प्रतिनिधिसभाले विधेयकलाई अगाडि बढाउन सक्छ । राष्ट्रियसभामा उत्पत्ति भएका विधेयक प्रतिनिधिसभामा पठाउँदा भने कति राख्न पाइने भन्ने कुनै समयसीमा छैन । त्यसैले विधेयक निष्क्रिय हुन नदिनका लागि विधेयक दर्ता भइसकेपछि निश्चित दिनसम्म मात्र राख्न पाइने र त्यसपछि पास कि फेल गरेर पठाउनैपर्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

संसद्मा दर्ता भएका कतिपय विधेयक चरणबद्ध रूपमा छलफलका लागि संसदीय समितिमा पुग्छन् । त्यसमा पनि विभिन्न सरोकारवालालाई राखेर छलफल गरिन्छ । समितिमा हुने यस्ता छलफल कहिलेसम्म गरिसक्नुपर्ने भन्ने कुनै समयसीमा छैन । विधेयकउपर छलफल गरे पनि हुन्छ नगरे पनि हुन्छ, जहिले गरे पनि हुन्छ भन्ने खालको बुझाइ सांसदमा भएको संघीय संसद्का सूचना अधिकारीले बताए । उनले थपे, "समयसीमा तोकिएको भए यो बेलासम्म गरिसक्नुपर्ने भन्ने दबाब पर्थ्यो अनि काम अघि फटाफट बढ्थ्यो । त्यसैले अहिले हामी राष्ट्रियसभाको नियमावली संशोधनको चरणमा छौँ । यसमा विधेयकको काममा ढिलाइ नहोस् भनेर समितिमा पुगेको छ महिनाभित्र सक्नुपर्छ भन्ने प्रस्ताव छ ।"[२७] संसद् र संसदीय समितिहरूमा समयसीमाको मुद्दा एक जटिल विषय हो । विधायिकी प्रक्रियामा यसको प्रभावबारे राय फरक हुन सक्छ ।

विधेयकका मुद्दाहरूको जटिलतालाई गहन जाँच र छलफल गर्न, समयसीमाको नाममा हतार गरिएको निर्णयले अनपेक्षित परिणामहरू निम्तिन सक्छन् र स्वार्थ समूहले फाइदा लिन सक्छन् । उक्त परिणामहरू कम गर्न, लोकतान्त्रिक प्रक्रियालाई बलियो बनाउन सक्ने जस्ता पक्षमा समयसीमाले विचार गर्न अवसर कम दिन्छ भन्ने तर्क गर्नेहरू पनि छन् । तर समयसीमा नभएकै कारण सांसदहरूले निर्णय स्थगित गर्नु, महत्त्वपूर्ण मुद्दाहरू लामो समयसम्म समाधान नगरिनु, राज्यस्रोतको दुरुपयोग गरिनु उचित कार्य हुँदै होइन ।

## ४. कानून निर्माणको ढिलाइको प्रभाव

कानून निर्माणमा भएको ढिलाइको बहुआयामिक प्रभाव छन् । यसले संसदीय प्रणालीमा नागरिकको विश्वास घट्न गई संसद्को भूमिका अवमूल्यन गर्छ । सङ्क्रमणकालीन न्याय जस्तो संवेदनशील विषयमा कानून नबन्दा विगत १७ वर्षदेखि हजारौँ पीडित न्यायबाट विमुख भएका छन् । नागरिकतासम्बन्धी विधेयकले राजनीतिक दलबीच सात वर्षको रस्साकस्सीपछि कानूनी मान्यता पाएको छ । गृह मन्त्रालयका एक अधिकारीका अनुसार उक्त कानूनको संशोधित व्यवस्थाले झन्डै दुई लाख नागरिकका सन्तानहरूले नागरिकता पाउने छन् ।[२८] उक्त कानून नबन्दा शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका विषयमा तिनको पहुँचमा समस्या आएको थियो ।

कानून निर्माणको ढिलाइले संघीयता कार्यान्वयन तथा प्रदेश र स्थानीय तहको कार्यसञ्चालनमै प्रभाव पारेको छ । मौलिक हकसँग सम्बन्धित कानूनहरूका लागि संविधानको धारा ४७ मा तीन वर्ष समयसीमा निर्धारण गरेको थियो । तर संघीयता कार्यान्वयनसँग जोडिएका र मौलिक हकसँग सम्बन्धित कतिपय कानूनहरू संविधान जारी भएको आठ वर्ष पूरा भइसक्दा पनि बनेनन् । संघीय निजामती सेवा ऐन र सरकारी सेवा सञ्चालनसम्बन्धी

[२५] माघ ५, २०७८ मा राष्ट्रियसभा सदस्य पौड्यालसँग गरिएको कुराकानी ।

[२६] भट्ट, कमलराज । २०८० । कानूनको मस्यौदा लेखनमा सांसदले खोजे भूमिका । *नयाँ पत्रिका*, माघ ३ । www.nayapatrikadaily.com/news-details/132673/2024-01-17 मा उपलब्ध; माघ १०, २०८० मा हेरिएको ।

[२७] माघ ७, २०८० मा संघीय संसद् सचिवालयका सूचना अधिकारी दशरथ धमलासँग गरिएको कुराकानी ।

[२८] २०४६ सालअघि नेपालमा स्थायी बसोबास गरिरहेका मानिसहरूलाई २०६३ सालपछि जन्मका आधारमा नेपाली नागरिकता दिइएको थियो । २०७२ मा नयाँ संविधान बन्यो । सो संविधानले उनीहरूका सन्तानलाई सङ्घीय कानूनअनुसार वंशजको नेपाली नागरिकता दिने व्यवस्था गरे पनि कानून नबनेकाले उनीहरू नागरिकता पाउनबाट वञ्चित थिए । नयाँ संविधानमा भएको व्यवस्थाअनुसार २०७५ सालमा गृह मन्त्रालयले परिपत्र जारी गरी जन्मसिद्ध नागरिकता दिने भने पनि सर्वोच्च अदालतले त्यसलाई रोक्दै कानून बनाएर जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजका आधारमा नागरिकता दिन आदेश दिएको थियो (दाहाल, अशोक । सन् २०२३ । नयाँ कानुनअनुसार नागरिकता वितरण कहिलेदेखि, कसकसले पाउँछन् । *बीबीसी न्यूज नेपाली*, जुन १ । www.bbc.com/nepali/articles/cyrv8d5101mo मा उपलब्ध; मा हेरिएको ।) ।

कानूनहरू नबनेकाले प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन असहज बनेको छ । संघीय प्रहरी ऐन नबनिदिनाले प्रदेश सरकारले प्रहरीसम्बन्धी कुनै काम नै गर्न पाएको छैन ।

कानून निर्माण जस्तो गहन विषयमा सांसदहरू तयारीबिना नै छलफलमा सहभागी हुने कार्यले कानूनको गुणस्तरमा नै असर गर्छ । कानून निर्माणमा हुने ढिलाइले नागरिकको आधारभूत आवश्यकता र सेवा प्रवाहमा पनि असर पारेको छ । यसले संघीय लोकतान्त्रिक गणतन्त्रप्रति नै नागरिकमा वितृष्णा बढाउन सक्छ । त्यसैले सांसदहरू विधायिकी भूमिकामा अझ खरोसँग उत्रनु आवश्यक छ ।

◆◆◆

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले गरेका अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY
RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**
कुपण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org | https://www.democracyresource.org/